# मिसन न्यूज

MISSION News National Weekly राष्ट्रिय साप्ताहिक

www.missionenews.com



विज्ञापन, लेख, रचना र ताजा समाचारका लागि प्रत्येक हप्ताको बुधबार कालिकोटबाट प्रकाशन हुने मिसन न्यूज राष्ट्रिय साप्ताहिक पढ्न नभुल्नु होला । साथै

www.missionenews.com

अनलाईन पत्रिका समेत संचालनमा आएको जानकारी गरिन्छ ।



वर्ष-३ | अंक-४ | २०७५ साउन २३ गते बुधबार | 8 Aug 2018 Wednesday | मूल्य रू. १०/-


# रास्कोटमा मोटरसाइकल आतंक

**मिसन न्यूज**

**कालिकोट -** जिल्लाको रास्कोट नगरपालिकामा मोटर साइकल आतंक मचिएको छ । स्थानीय निर्वाचन भए यता मोटर साइकल किन्ने होडवाजि र आतंक मचिएको हो । साविकका सिख्खाना, स्युना र फुकोट गरी तिन वटा गाविस मिलेर बनेको रास्कोट नगरपालिकामा १६ वटा मोटर साइकल खरिद भएका छन् । १६ वटा मोटर साइकलको मुल्य ३८ लाख ५४ हजार ४ सय हुन्छ ।

प्रत्येक वडाध्यक्ष र केहि कर्मचारीका लागि मोटर साइकल खरिद भएका हुन् । तर, अधिकांससंग सवारी चालक अनुमति पत्र रहेका छैनन् । एक कर्मचारीले भने, 'टरसाइकलले सातााउन थाले । महिनै पिछे दुर्घटना हुने गरेका छन् ।' २ जना वडाध्यक्ष बाहेक कसैसंग पनि लाइसेन्स नभएको उनले बताएका छन् । खरिद गरेको ४ महिना नवित्दै ८ वटा मोटर साइकल थोत्रा बनेका छन् । १५० सिसिका पल्सर बजाज कम्पनीका मोटरसाइकल नगरपालिकाले खरिद गरेको थियो । विग्रेका थोत्रा मोटरसाइकल मर्मत गर्न अझै मोटो बजेट खर्च हुने भएको कर्मचारीले बताए ।

**फेशनको साधन बन्यो**

रास्कोटमा मोटरसाइकल सवारीको नाममा आवागमन गर्ने साधन नभइ आफ्नो नातागोता र आफन्तलाई मोटरसाइकल काम चलाउन दिने गरिएको स्थानीयले बताए । धेरैजसो मोटरसाइकल त सिकारुकै नियन्त्रणमा रहने गरेका छन् । जिल्लाको



कालिकोट जिल्ला स्थित रास्कोट नगरपाकिलाको कार्यालय ।

फेसनको रुपमा संचालन भएका रास्कोट निवासी अनन्त बरालले बताए । उनले भने, 'नगरपालिकाको स्रोतले धान्न नसक्ने गरी मोटरसाइकल खरिद गरी दुर्घना गराउने र लाइसेन्स बेगरका व्यक्तिले चलाउने गरेका छन् ।' देशभर सवारी साधन संचलानमा कडाइ भए पनि रास्कोटमा कुनै पनि निकएको ध्यान गएको छैन् । अधिकांस जनप्रतिनिधिले जितेगडादेखि रास्कोट नगरपालिकाको कार्यालयसम्म २७ किलोमिटर सडकको लम्वाइ रहेको छ । जितेबाट मान्म बजार आउन झुलुङ्गे पुलबाट मोटरसाइकल गुडाउने गरिएको छ । विना काममा कार्यालय प्रयोजनका लागि नभइ खाली वेकाममा मोटरसाइकल गुडाउने गरिएको स्थानीयले बताएका छन् ।

बाँकी ८ पृष्ठमा.....

# मौसमी बिरामीको चाप बढ्यो

**मिसन न्यूज**

**कालिकोट -** बर्खा लागेसँगै जिल्ला अस्पताल कालिकोटमा बिरामीको चाप बढेको छ । अस्पतालमा विभिन्न समस्याका मौसमी बिरामीको चाप बढेको हो । दैनिक ८० देखि १ सय जनासम्म बिरामी अस्पतालमा उपचारका लागि आउने गरेको अस्पतालका डा. नहकुल शाहीले बताए । डा. शाहीका अनुसार झाडापखाला, रुघाखोकी, ज्वरो, आउँ, पेट दुख्नेलगायत समस्याका बिरामी अस्पतालमा बढी आउने गरेका छन् । उनले भने, 'वर्षायाममा मौसम परिवर्तन भइरहने भएकाले अघिपछिको तुलनामा धेरै बिरामी हुने गरेका छन् ।' खानपान, सरसफाइलगायत कुरामा ध्यान दिनाले यस्ता रोगबाट बच्न सकिने डा. शाहीको भनाइ छ । यस्तो समयमा पिउने पानीमा विशेष ध्यान दिनुपर्ने उनी बताउँछन् । जिल्लाका विभिन्न स्थानमा शुद्ध खानेपानीसमेत अभाव भएका कारण बिरामी बढ्न थालेको जिल्ला स्वास्थ्य कार्यालय कालिकोटले जनाएको छ । जिल्ला अस्पताल कालिकोटमा आउने बढीजसो बिरामीमा महिला, बालबालिका तथा वृद्धवृद्धा छन् । गर्मी समयमा

बाँकी ८ पृष्ठमा..

# दुर्गममा आवासीय विद्यालय खोलिने

**मिसन न्यूज**

**सुर्खेत -** कर्णालीमा प्रदेश सरकारले आवासीय सुविधासहित विद्यालय सञ्चालन गर्ने भएको छ । कर्णालीको भौगोलिक अवस्था दुर्गम र जटिल भएका कारण बालबालिकाको विद्यालय सम्म सहज पहुँच हुन नसकेको भन्दै प्रदेश सरकारले अब यस क्षेत्रका हिमाली र दुर्गम स्थानमा आवासीय सुविधासहित विद्यालय सञ्चालन गर्ने तयारी थालेको हो । कर्णालीमा छरिएर रहेका बस्तीका कारण अधिकांश बालबालिका विद्यालयको पहुँचबाहिर छन् । विद्यालय



टाढा भएकै कारण बालबालिका शिक्षाबाट वञ्चित हुनुपर्ने अवस्था अन्त्य गर्न सामाजिक विकास मन्त्रालयले आवासीय सुविधासहित विद्यालय सञ्चालन गर्नेगरी शिक्षा नीतिको मस्यौदा तयार पारेको हो । प्रदेशको शिक्षा नीति र ऐन निर्माण तयारीमा रहेको मन्त्रालयले तयार पारेको शिक्षा विधेयकको मस्यौदामा आवासीय विद्यालय सञ्चालनलाई मुख्य प्राथमिकतामा राखिएको छ । सामाजिक विकास मन्त्रालयका सचिव गिरिजा शर्माले भनिन्, 'हिमाली र दुर्गम क्षेत्रमा बालबालिका विद्यालयसम्म पुग्न सक्ने अवस्था छैन, विकटताका कारण बालबालिका शिक्षाबाट वञ्चित भइरहेका छन् । यसका लागि प्रदेश सरकारले अब आवासीय विद्यालय सञ्चालन गर्ने नीति तर्जुमा गर्दै छ, यसले यहाँका बालबालिका विद्यालयको पहुँचमा आउनेछन् ।' आवासीय सुविधासहितका विद्यालय सञ्चालन गर्ने मन्त्रालयको उक्त प्रस्तावलाई शिक्षाविद्ले पनि सकारात्मक भनेका छन् । 'कतिपय

बाँकी ४ पृष्ठमा..

# पाँच वर्षभित्र समृद्धिले मुहार फेर्छौं

**कालिकोट -** जिल्लाको सान्नी त्रिवेणी गाउँपालिकामा विकासका पुर्वाधारले विगतभन्दा केहि बदलिएको छ। धार्मिक स्थलको नामबाट नामाकरण गरिएको यस गाउँपालिकामा पर्यटनको दृष्टिकोणले राम्रो सम्भावना बाकेको छ। साविकका मुम्रा, मेहलमुडी र रकु गाविस मिलेर सान्नी त्रिवेणी गाउँपालिका बनेको छ। गाउँपालिकालाई पाँच वर्षभित्र विकास र समृद्धिले महार फर्ने गाउँपालिकाले अठोट गरेको छ। पर्यटन, सडक,विद्युत, कृषि, शिक्षालगायतका विकास र समृद्धिका विषयममा

**मिसन न्यूज/नागरिककर्मी पवित्रकुमार शाहीले सान्नी त्रिवेणी गाउँपालिका अध्यक्ष डम्वरबहादुर शाहीसंग**

गरेको कुराकानी प्रस्तुत छ ।

**स्थानीय निर्वाचनमा जनतासँग गरेका प्रतिवद्धता लागु गर्नु भयो ?**

मैले निर्वाचनमा गरेका प्रतिबद्धता विस्तारै पुराहुँदै आएका छन् । लामो समयपछि स्थानीय निर्वाचन भयो। बर्षौ बर्षसम्म विकासमा अधुरा रहेको जनताका सपना पुरा गर्ने प्रयासमै छु। जनतासँग मैले ठूलाठूला बाचा गरेको थिएन । तर, ग्रामीण सडक निर्माण, स्वास्थ्य, शिक्षा, रोजगारीलगायतका विषयमा गाउँपालिकालाई विकास गर्ने बाचा गरेको थिए । त्यसैले मलाई जनताले विश्वास गरेर विजयी गराएका थिए। यहाँका नागरिकले म युवा भएका हैसियतले पनि केन्द्रदेखि स्थानीय तहसम्म राम्रो सम्बन्ध भएको नेताका रूपमा बुझेका थिए। युवा भएका कारण यसले नै गाउँपालिकामा विकासको पाइला निरन्तर अगाडी बढाउन सक्छ भनेर जनताले मलाई विजयी गराए हुन । अन्यभन्दा युवाहरूमा जनताको आशा र भरोसा धेरै हुने गरेका कारणले पनि मलाई जनताले चाहेका हुन् ।

**चुनावमा दिएका आसवासन मध्ये केके पूरा गर्नु भयो ?**

हाम्रो गाउँपालिका पर्यटन र कृषीमा निकै प्रचुर सम्भावना भएको गाउँपालिका हो। चुनावका बेला गरेका प्रतिबद्धताका आधारमा गाउँपालिकामा कृषि उत्पादनमा वृद्धि गर्ने लक्ष्य लिएका छौं। गाउँपालिकालाई नमुना गाउँपालिकाका रूपमा विकास गर्नका लागि 'सुन्दर र समृद्ध गाउँपालिका निर्माणको एक मात्र आधार जैविक कृषि उत्पादन, पशुपालन र जडिबुटीको माध्यमबाट निर्यातमुखी अर्थतन्त्रको विकास नै हाम्रो सशक्त अभियान' सञ्चालन गरेका छौं । यस क्षेत्रलाई पर्यटनको हवको रुपमा चिनाउने अभियान जारी रहेको छ। यस क्षेत्रका इतिहाँसकै पहिलो पटक विज्ञहरुको सहभागीतामा माटो परिक्षण गराएको छौ । कृषि क्षेत्रमा लगानी गरी उत्पादनमुखी बनाउने तयारी छ ।

**विकासका लागि बजेटको प्राथमिकता केमा दिनु भयो ?**

यहाँका जनताको मनोविज्ञान र आवश्यकतालाई मध्यनजर गर्दै सडकलाई पहिलो प्राथमिकता राखेर काम गरेका छौ । आर्थिक विकासको क्षेत्रमा गाँउपालिकामा उत्पादित कृषि र पशुजन्य उत्पादनले उचित स्थान नपाउँदा विकासको पहिलो आधार सडक भएकाले गाउँपालिका सडक सञ्जालमा जोड्ने क्रममा छौ । पहिलो आर्थिक वर्षमा करिव १५ किलोमिटर सडकको ट्र्याक खोलेका छौ । गाउँमा सडक नजोडिएकाले स्थानीय उत्पादनले राम्रो बजार पाउन सकेको छैन । सडक पूर्वाधारको राम्रो विकास गर्ने र लक्ष्यअनुसार यस क्षेत्रमा उत्पादित तरकारी, फलफूल तथा पशुजन्य उत्पादन दुग्ध र मासु उत्पादनले यस गाउँपालिकाका नागरिकहरूलाई व्यावसायिकतातर्फ उन्मुख गराउने लक्ष्य लिएका थियौं। ती कामहरू पनि अगाडि बढेका छन् । आगामी पाँच वर्षभित्र गाउँपालिकालाई कृषिजन्य वस्तुमा आत्मनिर्भर बनाएर निर्यात गर्ने लक्ष्य राखेका छौं । कृषि, र गाउँपालिका भित्र करिब छ किलोमिटर हिमाली जंगललाई जंगली जनावर र पशुपंक्षीको बासस्थान बनाएर त्रिवेणी पाटनलाई पर्यटकीय गतव्य बनाउने र संरक्षित क्षेत्रका रूपमा विकास गर्ने गरी अगाडि बढेका छौं । यिनै आधारमा हाम्रो गाउँपालिका समृद्ध हुन सक्छ । अन्य आधारहरू पनि खोजिरहेका छौं । गाउँपालिकामा शिक्षा, स्वास्थ्य, खानेपानी, महिला, बालबालिका, दलित, जनजाति, पिछडा वर्ग, विशेष क्षमता भएका नागरिक तथा ज्येष्ठ नागरिकहरूको उत्थान र विकासमा विशेष जोड दिएर काम गरेका छौं। उनीहरूको क्षमता र सीपलाई आधार बनाएर विभिन्न कार्यक्रम पनि सञ्चालन गर्दै तथा योजनालाई अझ परिष्कृत गर्ने लक्ष्य लिएर काम गर्यौ। त्यसले सफलता पनि पाएका छन् । भौतिक पूर्वाधार विकासतर्फ गाउँपालिका क्षेत्रभित्रका सडकको ट्र्याक खोल्ने काम, गोरेटो, घोरेटो बाटो निर्माण गर्ने र सडकलाई मुख्य विकासको पूर्वाधार बनाउने सोचका साथ काम गरिरहेका छौं । सडक सञ्जाल भएन भने यहाँ उत्पादन भएका वस्तुहरूको बजारीकरणमा समस्या हुने हुँदा त्यसमा विशेष जोड दिएका छौं । सडक अहिले छवटा वडामा पुगिसकेको छ। बाँकी तीनवटा वडामा सडक अर्को आर्थिक वर्षमा पुर्‍याउने लक्ष्य राखेका छौं ।

**गाउँपालिकाले पाँच वर्षका लागि कस्तो कार्य योजनाको तयारी गरेको छ ?**

गाउँपालिकाको ९ वटै वडासम्म सडकले नछुँदासम्म सडक निर्माण लाई प्राथामिकतामा राखेर पाँच वर्षे रणनीतिक योजना बनाउने तयारी छ। कृषि व्यवसाय, पशुपालन, जडिबुटी उत्पादन र पर्यटन, उद्योग तथा व्यापारलाई सहयोग पुग्ने गरी सान्नी



**सान्नी त्रिवेणी गाउापालिका अध्यक्ष डम्वरबहादुर शाही**

त्रिवेणी गाउँपालिकाको मेरुदण्डीय सडक रकु(मेहलमुडी(मुम्रा सडकको निर्माण गर्ने, जैविक कृषि उत्पादन क्षेत्र घोषणा गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय पर्यटकको नमुना गन्तव्य बनाउने, सबै वडा कार्यालयहरूलाई सडक सञ्जालले जोड्ने गरी यातायात गुरुयोजना तयार गर्ने, एक टोल एक उत्पादन अवधारणाअनुरूप राष्ट्रिय भूउपयोग नीतिअनुसार कृषि क्षेत्रमा जमिनको विभाजन गर्ने लक्ष्य लिएका छौं । गाउँपालिकामा रहेको स्वास्थ्य केन्द्रलाई स्तरोन्नति गरी अस्पतालको रूपमा विकास गर्ने तयारी रहेको छ । सबै विद्यालयहरूमा गुणस्तरीय शिक्षाको प्रत्याभूति गर्ने लक्ष्यसहित अहिले ई( हाजिरीको सिस्टम विकास गरेका छौं । त्यस्तै, प्राविधिक शिक्षा दिन प्राविधिक विद्यालयको स्थापना गरेका छौं । खानेपानीमा सबैलाई स्वच्छ पिउने पानी पुर्‍याउने अवधारणाअनुरूप सबै प्रत्येक टोलमा खानेपानी उपलब्ध गराउने, पूर्ण सरसफाइयुक्त गाउँ निर्माण गर्ने, बालमैत्री र वातावरणमैत्री गाउँ निर्माण, बालविवाह, छाउपडी र बालश्रममुक्त गाउँ घोषणा गर्ने लक्ष्य राखेर काम अगाडि बढाएका छौं ।

**सान्नी त्रिवेणलाई समृद्ध बनाउने आधार के के हुन ?**

सान्नी त्रिवेणी भनेको पर्यटकिय क्षेत्रको नाममा नामाकरण गरिएकाले पहिलो विकास र समृद्धिको आधार पर्यटन हो। हाम्रो गाउँपालिका समृद्ध हुने आधार पर्यटन, सडक, स्थानीय उत्पाद र जडिवुटी हो। यसै आधारमा गाउँपालिका लाई समृद्धतफै उन्मुख हुन्छ । अनि अर्को आधार हाम्रो जलविद्युत हो। अहिले हाम्रो गाउँपालिका नै उत्पादन भएको पाँच सय किलोवाटको जलविद्युतले सदरमुकाम र एउटा नगरपालिकाका साथै गाउँपालिका केही ठाउँमा विद्युत बलेको छ । त्यसलाई जोगाई राख्नका लागि विशेष ध्यान दिएका छौं। त्यस्तै, कृषि, र गाउँपालिकाभित्र करिब छ किलोमिटर हिमाली जंगललाई जंगली जनावर र पशुपंक्षीको बासस्थान बनाएर त्रिवेणी पाटनलाई पर्यटकीय गतव्य बनाउने र संरक्षित क्षेत्रका रूपमा विकास गर्ने गरी अगाडि बढेका छौं ।

बाँकी ४ पृष्ठमा.....

## सातको भाग्यफल

**मेष** : सुरुमा रमाइलो जमघटका बीच स्वादिष्ट खानपानको आनन्द प्राप्त हुनेछ। इच्छाशक्ति बढ्नाले लक्ष्य प्राप्ति हुनेछ। लगनशीलताले प्रतिष्ठा दिलाउनेछ।

**वृष** : प्रारम्भमा खर्च बढ्नाले अर्थ अभाव देखा पर्न सक्छ। लाभ नहुने कामको समेत जिम्मेवारी सम्हाल्नुपर्ला ।

**मिथुन** : प्रारम्भमा आम्दानीका विविध स्रोत फेला परे पनि लाभ उठाउन नसकिएला। परिस्थितिवश हातबाट सञ्चित रकम बाहिरिन सक्छ।

**कर्कट** : सुरुमा केही विवादास्पद काममा जुट्नुपरे पनि लगनशीलताले दाम, इनाम एवं प्रतिष्ठा दिलाउनेछ। आम्दानीका विभिन्न स्रोत जुट्नेछन् ।

**सिंह** : प्रारम्भमा व्यावहारिक कठिनाइ देखा पर्नाले चिताएको काम रोकिन सक्छ। तापनि मिहिनेत गर्दा विशेष अवसर प्राप्त हुनेछ।

**कन्या** : सुरुमा व्यस्तता बढ्नेछ भने शरीरमा कमजोरी अनुभूति हुनेछ। गोप्य सूचना बाहिरिनाले काम दोहोर्‍याउनुपर्ने स्थिति आउन सक्छ।

**तुला** : शुभचिन्तकहरूको सहयोगले साताको प्रारम्भ उत्साहवर्द्धक देखिनेछ। सामाजिक प्रतिष्ठा एवं पदीय जिम्मेवारी प्राप्त हुनेछ।

**वृश्चिक**: चुनौती पन्छाएर काम बनाउन सकिनेछ। मिहिनेतले अवसर दिलाउनेछ भने लगनशीलताले लक्ष्यमा पुर्‍याउनेछ।

**धनु** : प्रारम्भमा अध्ययन र स्वास्थ्यको चिन्ताले सताउन सक्छ। बलजफ्तीले काम बिग्रनेछ भने अर्थ अभावले पनि समस्या उत्पन्न हुनेछ।

**मकर** : प्रारम्भमा अप्ठ्यारो परिस्थितिका बीच केही संघर्ष गर्नुपर्ने हुन सक्छ। आफन्तजन टाढिनाले पनि केही समस्या आउन सक्छन् ।

**कुम्भ** :मिहिनेतले हिम्मत दिलाउनेछ भने सुरुमा पुरुषार्थ देखाएर दाम समाउने अवसर प्राप्त हुनेछ। सोमवारदेखि साइनो गाँस्नेहरूबाट सजग रहनुपर्ला ।

**मीन** : धेरै बोल्ने बानीले विवाद निम्त्याउन सक्छ। खराब व्यक्तिको संगतले बुद्धिभ्रम हुनेछ।

# ‘पहिरोपिडितलाई राहत देऊ’

**मिसन न्युज**

**सुर्खेत-**कर्णाली प्रदेश सभाका सांसदहरूले प्राकृतिक प्रकोप पीडितहरूको समयमै उद्धार तथा राहत प्रदान गर्न प्रदेश सरकारसँग आइतबार माग गरेका छन्। प्रदेशसभा बैठकको विशेष समयमा बोल्दै सांसदहरूले जाजरकोट लगायतका जिल्लामा बाढीपहिरोले ठूलो धनजनको क्षति पुऱ्याएकाले तत्काल पीडित परिवारको उद्धार गरी सुरक्षित बसोबासको व्यवस्थापन गर्न माग गरे

**कर्णाली संसद बैठक**
**प्राकृतिक प्रकोपले पुऱ्याएको क्षतिबारे यसअघि थुप्रै पटक ध्यानाकर्षण गराए पनि सरकार गम्भीर नबनेको गुनासो**

जाजरकोटका सांसद गणेशप्रसाद सिंहले प्राकृतिक विपद्बारे प्रदेश सरकार उदासिन बनेको आरोप लगाए। जाजरकोट सदरमुकाम मा पहिरोले दुई घर पुर्दा भएको मानवीय क्षतिबारे जानकारी गराउँदै उनले पीडित परिवारलाई तत्कालको राहत प्रदान गर्न माग गरे। जाजरकोटकै सांसद कृष्णा शाह र कौशिलावती खत्रीले घाइतेको उद्धार, मृतक परिवारलाई राहत उपलब्ध गराउन प्रदेश सरकारको ध्यानाकर्षण



गराइन्। ‘जाजरकोटमा पहिरोले ९ जनाको मृत्यु भइसक्यो, यति ठूलो घटना हुँदासमेत प्रदेश सरकारले के गरिरहेको छ ? भन्दै सांसद खत्रीले प्रश्न गरिन्। सांसदहरूले आआफ्नो जिल्लामा बाढीपहिरोले पुऱ्याएको क्षतिबारे सरकारको ध्यानाकर्षण गराएका थिए।

सुर्खेतकी सांसद पद्मा खड्काले बाढीले वीरेन्द्रनगरको लाटीकोइली र उत्तरगंगा क्षेत्र जलमग्न भई जनजीवन कष्टकर भएको बताइन्। ‘प्रदेश सरकारले राजधानी सुव्यवस्थित गर्न के काम गरिरहेको छ ? संसदलाई यथार्थ जानकारी देओस्,’ उनले भनिन्। मुगुका सांसद चन्द्रबहादुर शाहीले प्राकृतिक प्रकोपले पुर्‍याएको क्षतिबारे यसअघि थुप्रै पटक ध्यानाकर्षण गराएपनि सरकार गम्भीर नबनेको गुनासो पोखे। सांसद मीनासिं रखालले बालविवाहबाट रोकिएकी दैलेखकी एक किशोरीको शंकास्पद मृत्युबारे निष्पक्ष छानबिन हुनुपर्ने माग गरिन्। बैठकमा आन्तरिक मामिला तथा कानुनमन्त्री नरेश भण्डारीले ‘प्रशासकीय कार्यविधि नियमित गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५’ सभासमक्ष पेस गरेका थिए। विधेयकमाथिको सैद्धान्तिक छलफलमा भाग लिँदै सांसद सीता नेपालीले प्रदेशस्तरका आयोग, बोर्ड, परिषद् गठनका लागि विधेयक आउन जरुरी भएको बताइन्।

उक्त विधेयक उपर संशोधनका लागि सभामुखले ७२ घण्टाको समयसीमा प्रारम्भ भएको सूचना सुनाए। त्यस्तै, बैठकले प्रदेशसभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेकलाई थप छलफलका लागि संसद्को विधायन तथा प्रदेश मामिला समितिमा पठाउने प्रस्ताव निर्णयार्थ पारित गऱ्यो। कान्तिपुरबाट


## कालिकोटवासी सम्पुर्णमा हाम्रो अनुरोध

जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ।

खानेपानी सरसफाइ तथा सव–डिभिजन कार्यालय कालीकोट

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौँ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुवाऔँ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔँ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔँ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔँ।

खाँडाचक्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

## प्रकोप र महामारी सम्बन्धमा

नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं।

सान्नी त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ।

तिलागुफा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

## पाँच वर्षभित्र..............................

**विकासका लागि चुनौती के महसुस गर्नुभएको छ ?**

निर्वाचित भएको एक वर्षको अवधिमा काम गर्दा विभिन्न प्रकारका समस्या आएका छन् । तिनलाई चिर्दै हामी विकासको गतिमा अगाडि बढेका छौँ । पहिलो चुनौती गाउँपालिकामा कर्मचारीको अभाव भएको छ । हाम्रो गाउँपालिकालाइ भुगोलले पनि ठगेको छ । भिरालो र चट्टाने पहाड भएकाले सडक निर्माणमा पनि समस्या थपिएको छ । तर, पनि विभिन्न चुनौतिलाई सामाना गर्दै विकासको गतिलाई निरन्तरता दिने अठोट गर्दछु ।

## दुर्गममा आवासीय..............................

विद्यालयमा दुई जना विद्यार्थीका लागि चार जना शिक्षक छन्, यस्ता स्थानमा विद्यालय चलाएर केही लाभ छैन', सचिव शर्माले भनिन्, 'विद्यार्थी नै नभएका विद्यालय समायोजन गरिनेछ, छरिएका बस्तीमा रहेका बालबालिकालाई एकै स्थानमा जम्मा गरेर अब आवासीय विद्यालय चलाउने तयारीमा जुटेका छौं। यसले सबै बालबालिका विद्यालयको पहुँचमा आउनेछन्, शैक्षिक गुणस्तर सुधार्न यसले टेवा पुऱ्याउनेछ ।' मन्त्रालयले प्रदेशको शैक्षिक विकास र गुणस्तर वृद्धिका लागि कर्णाली सुहाउँदो शिक्षा नीति र ऐन निर्माण भइरहेको जनाएको छ। मन्त्रालयले तयार पारेको शिक्षा नीतिको उक्त मस्यौदामा प्रादेशिक शिक्षा सल्लाहकार परिषद्को परिकल्पना गरिएको छ ।

मस्यौदामा प्रदेश माध्यमिक शिक्षा परीक्षा समिति गठन गर्ने तथा प्रदेश सरकारले नै विद्यालयको अनुमति दिन सक्ने र स्वीकृति रद्द गर्न सक्ने गरी प्रस्ताव गरिएको छ। आर्थिक अभावका कारण अधिकांश विद्यालय सञ्चालनमा कठिनाइ भइरहेको अवस्थामा अब प्रदेश, नगर, गाउँ र विद्यालयमै शिक्षा कोष स्थापना गर्ने मस्यौदामा उल्लेख छ। यी कोषले आर्थिक समस्या समाधान गर्ने मन्त्रालयको दाबी छ । प्रदेशका सबै विद्यालयलाई हडतालमुक्त र सुरक्षित बनाउने, विद्यार्थीसँग कुनै पनि शुल्क लिन नपाइने, शिक्षकलाई अन्य काममा लगाउन नपाइने, बालबालिकालाई विद्यालयबाट निष्कासन गर्न नपाउने र शिक्षकलाई विद्यालयमा नपढाएको अवधिको तलब नदिने र सेवा अवधि पनि गणना नगर्नेगरी प्रादेशिक शिक्षा नीतिको मस्यौदा तयार भएको छ । प्रादेशिक शिक्षा नीति तथा ऐनको उक्त मस्यौदा कर्णालीको शैक्षिक गुणस्तर वृद्धिमा महत्वपूर्ण हुने शिक्षाविद्हरूको भनाइ छ । कर्णालीका सामाजिक विकासमन्त्री दल रावल भन्छन्, 'हामी कर्णालीको माटो सुहाउँदो पाठ्यक्रम निर्माण गर्नेछौं, यहाँको प्राकृतिक स्रोतको परिचालन र रोजगारी सिर्जना हुनेगरी शिक्षा नीति बन्दै छ ।' यस्तै शिक्षाविद् प्राडा मनप्रसाद वाग्ले शिक्षकलाई दक्ष बनाउन सके गुणस्तर कायम गर्न सकिने बताउँछन् ।

यसका लागि अब प्रदेश सरकारले विद्यालयलाई प्रविधिमैत्री बनाउनुपर्ने र कर्णालीमा विशेष साक्षरता अभियान सञ्चालन गर्नुपर्ने उनको सुझाव छ । यसैबीच, सरोकारवालाले प्रदेश र स्थानीय सरकारले कुल बजेटको २० प्रतिशत रकम शिक्षामा विनियोजन गर्नुपर्ने, स्थानीय स्रोतको परिचालन हुनेगरी पाठ्यक्रम निर्माण गर्नुपर्ने, उत्कृष्ट विद्यार्थीलाई शिक्षण पेसामा आकर्षित गर्नुपर्ने र शिक्षकलाई राजनीतिक क्रियाकलापमा सामेल हुन नपाउने गरी प्रदेशको शिक्षा नीति र ऐन बनाउन प्रदेश सरकारलाई सुझाव दिएका छन्न् ।

अन्नपुर्णबाट

व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं ।

रास्कोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

# स्वास्थ्य

## के हो रेबिज, यस्तो छ उपचार विधि



नेपालमा हरेक वर्ष रेबिजका कारण करिब ९ सय जनाको मृत्यु हुने गरेको छ । यसरी मर्नेहरू अधिकांश बाल बालिका छन् । पशु स्वास्थ्य निर्देशनालयका अनुसार रेबिजको भाइरस अघिकांश कुकुरको टोकाइबाट सर्ने गर्छ । शुक्रराज ट्रपिकल अस्पतालमा मात्रै दैनिक १ सय ५० जना कुकुरको टोकाइबाट बिरामी भएका व्यक्ति उपचारमा आउँछन् । अस्पताल नआउनेको सङ्ख्या दोब्बर रहेको छ । विशेषज्ञहरूका अनुसार रेबिज भाइरसको सङ्क्रमण भएपछि पनि समयमा उपचार गरे केही समयसम्म ज्यान जोगाउन सकिन्छ । 'नेपालको कुरा गर्ने हो भने रेबिजविरुद्धको भ्याक्सिन लगाउनुपर्छ भन्ने धेरै व्यक्तिलाई जानकारी नै छैन । त्यसो त रेबिज विरुद्धको भ्याक्सिन सरकारले निःशुल्क वितरण गर्दै आइरहेको छ। टोकेको १० दिनमा कुकुर मर्छ, त्यो समयसम्म अनिवार्य ३ वटा भ्याक्सिन लगाए निको हुन्छ। **स्तनधारी जनावारको टोकाइलाई बेवास्ता नगर्नु-** डा. पुनका अनुसार भुस्याहा कुकुरभन्दा घरपालुवा कुकुरको टोकाइबाट अस्पताल आउनेहरूको सङ्ख्या धेरै छ। कुकुर पाल्ने मात्रै होइन, कुकुरलाई लगाउने भ्याक्सिनदेखि सबै कुराको बारेमा ध्यान दिन जरुरी भएको उनको सुझाव छ । अन्तिम वर्षमा मात्रै रेबिजका कारण १६ जनाको मृत्यु भएको छ । २०७५ सालको वैशाखदेखि असारसम्म ६ जनाको मृत्यु भइसकेको छ। रेकर्ड नहुने सङ्ख्याको कुरा गर्ने हो भने झनै डरलाग्दो छ । कतिपयलाई भ्याक्सिन लगाउनुपर्छ भन्ने थाहा हुँदाहुँदै पनि बेवास्ता गर्ने गरेको पाइन्छ । **के हो रेबिज, कसरी सर्छ ?-** सुरुमा जनावरको र्यालमा रहेका भाइरस जनावारको टोकाइबाट घाउमा पुग्छ । यो भाइरस रगत र लिम्फबाट नभई छालामुनिको भित्री तन्तु र मांसपेशी हुँदै परिधीय स्नायु, मेरुदण्ड र अन्त्यमा गिदीसम्म पुग्दछ । गिदीमा सङ्क्रमण भएपछि मात्र विशेष लक्षणहरू देखिन्छन् । अन्त्यमा गिदीका मसिना स्नायुबाट भाइरस र्याल ग्रन्थी, छाला, आँखाको कोर्निया र अन्य अङ्गमा पुग्दछ। यस्ता सङ्क्रमित जनावारले टोक्दा र्याल ग्रन्थिमा भएको भाइरस फेरि अर्को जनावारको शरीरमा प्रवेश गर्छ। **लक्षण-** रेबिज लागेमा ज्वरो आउने, झमझमाउने, टोकेको ठाउँमा अत्यधिक दुख्ने हुन्छ । त्यस्तै पानी, हावादेखि डराउने, चिटचिटाहट हुने, रिसाउने जस्ता समस्या पनि देखिन्छ। रेबिजका कारण आँखा, नाक, मुख र शरीरमा घाउ हुने गर्दछ। यसबाट अरू मानिसमा पनि सर्न सक्छ।

**उपचार विधि**

रेबिज रोग लागिसकेपछि बाँच्न गाह्रो हुन्छ । रेबिजपछि बिरामीको दुखाइ व्यवस्थापन र बाँचुन्जेल सजिलो बनाउने मात्र हो। घरपालुवा कुकुरलाई नियमित रूपमा खोप लगाउने, भुस्याहा कुकुरबाट बच्ने र सम्भव भए व्यवस्थापन गर्ने । कुकुर, स्याल, चमेरो, बिरालोको टोकाइपछि रेबिजविरुद्धको खोप लगाउने, रेबिजको भाइरस हुने सम्भावित जनावरले टोकेपछि तत्काल साबुनपानीले घाउ सफा गर्ने ।

प्रकोप र महामारी सम्बन्धमा

नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।

महावै गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
कालिकोट

# स्थानीय सरकारको बजेटमा प्रदेश र संघीय सरकारको भर

**मिसन न्यूज**

**जाजरकोट -** जिल्लाको शिवालय गाउँपालिकाले केही समयअघि चालु आर्थिक वर्ष ०७५/७६ का लागि २४ करोड २३ लाख ६८ हजार रुपैयाँको बजेट सार्वजनिक गरेको छ । बजेटको १० लाख रुपैयाँ मात्र गाउँपालिकाको आन्तरिक राजस्वले व्यहोर्नेछ। आन्तरिक आय कुल बजेटको एक प्रतिशत भन्दा कम हो । कानुन बनाउनेदेखि लागू गर्नेसम्म अधिकार पाएका स्थानीय तहले बजेटमा भने केन्द्र तथा प्रदेश सरकारको मुख ताक्नुपर्ने अवस्था आएको छ । शिवालयले उक्त बजेटमध्ये संघीय सरकारबाट वित्तीय सामानीकरणअन्तर्गत ६ करोड ४२ लाख, राजस्व बाँडफाँटमा ५ करोड २९ लाख ९४ हजार र ससर्त अनुदान ११ करोड २० लाख रुपैयाँ प्राप्त हुने उल्लेख गरेको छ । त्यस्तै, प्रदेश सरकारबाट वित्तीय समानीकरणअन्तर्गत ४९ लाख २२ हजार र राजस्व बाँडफाँटबाट २ लाख १० हजार रुपैयाँ, चालु वर्षको बाँकी ७० लाख र गाउँपालिकाको आन्तरिक राजस्व संकलन १० लाख हुने लक्ष्य लिएको छ । गाउँपालिकाभित्र राजस्व संकलनका स्रोत नहुँदा कम राजस्व संकलनको लक्ष्य राखिएको हो । गत आर्थिक वर्षको राजस्व संकलन ९ लाख ५० हजार रहेको गाउँपालिका अध्यक्ष नरेन्द्र शाहीले बताए । बजेटको ठूलो हिस्सा तलब(भत्तामा सकिनेछ । तलबभत्तातर्फ अर्थात् चालु खर्चमा १५ करोड ५८ लाख रुपैयाँ र पुँजीगत अर्थात् कार्यक्रम बजेट खर्च ८ करोड ६५ लाख ६४ हजार रुपैयाँ विनियोजन गरिएको छ । बारेकोट गाउँपालिकाले पनि चालु आर्थिक वर्ष ०७५/७६ का लागि कुल २७ करोड ३० लाख ८६ हजार रुपैयाँको बजेट सार्वजनिक गरेको छ। बारेकोटले संघीय सरकारबाट प्राप्त ससर्त तथा निसर्त अनुदान, राजस्व बाँडफाँटबाट प्राप्त अनुदान र प्रदेश सरकारबाट प्राप्त अनुदानलाई नै बजेटको मुख्य आम्दानीको स्रोत मानेको छ । गाउँपालिकाको आफ्नै आन्तरिक राजस्व संकलन भने जम्मा १५ लाख रुपैयाँ हुने अनुमान गरिएको छ । गत आर्थिक वर्षको यथार्थ राजस्व संकलन करिब १० लाख रुपैयाँ रहेकाले सोही आधारमा आगामी वर्ष १५ लाखसम्म राजस्व संकलन गर्न सकिने लक्ष्य लिएको गाउँपालिका अध्यक्ष महेन्द्र शाहले बताए । उनले राजस्व संकलन न्यून हुँदा जनताका अपेक्षा पूरा गर्न गाह्रो भएको बताए । 'आन्तरिक राजस्व संकलन एकदमै न्यून हुँदा केन्द्र र प्रदेश सरकारको मुख ताक्नुपर्ने अवस्था छ । केन्द्रबाट पठाएको सीमित बजेटले पूर्वाधार विकासदेखि नागरिकका दैनिक आवश्यकता परिपूर्तिमा निकै समस्या देखियो', उनले भने । कुशे गाउँपालिकाले चालु आर्थिक वर्षको ३२ करोड ९९ लाख २७ हजारको बजेट सार्वजनिक गरेको छ । आन्तरिक राजस्व ५० लाख रुपैयाँ संकलन गर्ने लक्ष्य लिइएको छ । जबकि गत आर्थिक वर्षको राजस्व संकलन करिब १२ लाख रुपैयाँ मात्र छ । त्यस्तै, जुनीचाँदे गाउँपालिकाले करिब २८ करोडको बजेट सार्वजनिक गरेको छ । आन्तरिक राजस्व ३० लाख संकलन गर्ने लक्ष्य लिएको छ । गत आवमा १५ लाख राजस्व संकलन गर्ने लक्ष्य लिएको गाउँपालिकाले १२ लाख रुपैयाँ मात्र संकलन गरेको गाउँपालिकाका अध्यक्ष कृष्णबहादुर केसीले बताए । उनले गाउँमा राजस्व संकलन गर्ने आधार नै नभएको गुनासो गरे । तीन वटा नगरपालिका रहेको जाजरकोटमा ४२ करोडको बजेट भएको भेरी नगरपालिकाले एक करोडको आन्तरिक राजस्व संकलनको लक्ष्य लिएको छ भने ४२ करोड ६५ लाख बजेट रहेको छेडागाड र करिब ४० करोड बजेट रहेको नलगाड नगरपालिकाले ५०/५० लाख रुपैयाँ राजस्व संकलनको लक्ष्य राखेका छन् । आन्तरिक राजस्व संकलन कुल बजेटको ज्यादै न्यून संकलन हो । जिल्लाका तीन नगरपालिका र चार गाउँपालिकाको गरी कुल दुई अर्ब ३० करोडको बजेट आगामी आर्थिक वर्षका लागि प्रस्तावित गरिएको छ । त्यसमध्ये

बाँकी ८ पृष्ठमा..



गाउँको विकासबारे छलफल गर्दै छेडागाड नगरपालिका झापाका स्थानीय ।


## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौँ ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुआैं ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउा र नखुवाऔं ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

**नरहरिनाथ गाउँपालिका**
**कालिकोट**

## स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गन अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**प्रमुख प्रशासकीय अधिकृत**
**सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय**
**कालिकोट**

## सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार

सिंचाइ गरौं, उत्पादन बढाऔं । सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔं,गरिबी न्यूनिकरण गरौं ।

**रास्कोट नगरपालिकाको कार्यालय, कालिकोट**

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ । तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस् ।

**पचाल झरना गाउँपालिकाको कार्यालय**
**कालिकोट**

# अन्तराष्ट्रिय न्युज

## सात सय आप्रवासी बालबालिका अमेरिकी हिरासतमा



**लस एन्जेलस(अमेरिका) -** गैरकानुनी रूपमा मेक्सिकोबाट अमेरिका प्रवेश गर्नेक्रममा बाबुआमाबाट अलग पारिएका बालबालिकालाई उनीहरुका बाबुआमासँग पुनर्मिलन गराउन अदालतले तोकेको म्याद सकिएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको विवादास्पद आदेशका कारण मेक्सिको सीमाबाट पक्राउ गरिएकामध्ये अझै ७०० भन्दाबढी बालबालिकालाई हिरासतमै राखिएको छ। परिवारको सदस्य भएको पुष्टी गर्ने कागजातको अभाव रहेका, आपराधिक पृष्ठभूमि भएका र सरुवा रोगबाट पीडित कतिपय अभिभावक आफ्ना बालबच्चा लिन अधिकारीसम्म पुग्न नसकेको बताइएको छ । यी बालबालिकाका अभिभावक अमेरिकाको नै विभिन्न स्थानमा छरिएर रहेका र केहीलाई भने उनका नै देशमा फर्काइएको हुनाले पुनर्मिलन प्रक्रिया थप जटिल भएको छ । अदालतको आदेशबाट पाँच वर्षसम्मका एक हजार ४४२ बालबालिका उनीहरुका आमाबाबुलाई बुझाइसकिएको छ। आप्रवासीसम्बन्धी ट्रम्पको नयाँ नीति लागू भएपछि २,५०० आप्रवासी बालबालिकालाई नियन्त्रणमा लिई सीमावर्ती क्षेत्रका हिरासतमा राखिएको थियो । बाल अधिकारको हनन भएको भन्दै चौतर्फी विरोध भएपछि बालबालिकालाई हिरासतमा राख्ने निर्णयबाट ट्रम्प प्रशासन पछि हटेको थियो । एएफपी

# ज्ञानमाला

१ संयुक्त राष्ट्र संघको महासभामा सबै भन्दा बढि बोल्ने क्युवाका फिडेल क्यास्ट्रो हुन् भने सबै भन्दा कम बोल्ने को हुन्
-दावा छिरिङ

२ नेपालको अन्तरिम शासन विधान ,२००७ लाई कति पटक संशोधन गरिएको थियो ?
- ६ पटक

३ युरोपेली संघको आर्थिक बर्ष कहिलेदेखि सुरु हुन्छ?
-जनवरी १

४ आटाकामा मरुभुमी कहाँ अवस्थित छ ?
- चिली

५ भित्री मधेशले नेपालको क्षेत्रफलको कति प्रतिशत भाग ओगटेको छ ?
-८.५५

६ रेडियो नेपाल कुन देशको सहयोगमा सञ्चालीत छ ?
-जापान

७ छिन्नमस्ता भागवतिको मन्दिरकहाँ पर्छ ?
- सप्तरीको सखडामा

८ 'खोल्साको सुन' उपनामले चिनिने नगदेबाली कुन हो ?
-अलैंची

९ टाइटान कुन ग्रहको उपग्रह हो ?
- शनी

१० नेपालको दोस्रो ठुलो ताल कुन हो?
-फेवा ताल

११ विस्व पर्यटन दिवस कहिले मनाइन्छ?
-सेप्टेम्बर २७

१२ ओलम्पिकको मुख्य झन्डामा कुन आदर्श वाक्य लेखिएको हुन्छ?
-Faster, Higher, Stronger

१३ नेल्सन मन्डेलाको वास्तबिक नाम के हो?
-नेल्सन रोलिहलाहला मन्डेला

१४ सरकारले लिएको ऋृणलाई के भनिन्छ ?
- सर्वजनिक ऋृण

१५. विश्वको दोश्रो ठुलो महादेश कुन हो ?
- अफ्रिका

१६ विश्वको सबैभन्दा ठुलो मरुभूमि सहारा कुन महादेशमा पर्दछ ?
- अफ्रिका

१७ माउण्ट एल्ब्रुज कुन महादेशमा पर्दछ
- युरोप

१८. प्रधानन्ययाधिश को नाम भन्नुहोस
-दामोदर प्रसाद शर्मा


## रास्कोट नगरपालिकाको सन्देश

घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं ।
रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।

रास्कोट नगरपालिका कार्यालय
कालिकोट

एक घर एक करेसावारीको स्थापना गरौं ।
स्वच्छ र ताजा तरकारीको सेवन गरौं ॥

पचाल झरना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

गाउँपालिकालाई पुर्ण सरसफाइ गाउँपालिका घोषणा गर्नु पर्ने अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं ।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट


## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | कृषि विकास बैंक कालिकोट | ४४००५९ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा कार्यालय | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि विकास कार्यालय | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |

मिसन न्यूज राष्ट्रिय साप्ताहिक

पचालझरना गाउँपालिका
PACHALAJHARANA RURAL MUNICIPALITY
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
राम्नाकोट, कालिकोट
Ramnakot, kalikot
कर्णाली प्रदेश, नेपाल

# मौजुदा सुची दर्ता गर्ने बारे सार्वजनिक सुचना ।

**सुचना प्रकाशित मिति : २०७५/०४/१७**

यस कार्यालयलाई आ.व.२०७५/०७६ मा आवश्यक पर्ने तपसलिका सामान तथा सेवाहरु उपलब्ध गराउने प्रयोजनका लागि सेवा प्रदायकहरुको सूची सुचिकृत गरिने भएको हुदाँ मौजुदा सूचिमा दर्ता हुन इच्छुक रजिष्टर्ड फर्म तथा कम्पनीहरुले निम्न लिखित कामकाजहरु संलग्न गरी यो सुचना प्रकाशित भएको मितिले ३० दिनभित्र आफुले गर्न चाहेको कार्यको लागि छुट्टाछुट्टै आवेदन पेश गर्न हुन सुचना प्रकाशित गरिएको छ ।

**आपूर्ति गराउनु पर्ने सामान तथा सेवाहरु**

(१) भवन निर्माण, मर्मत तथा अन्य निर्माण सम्बन्धि,(२) फर्निचर र फर्निसिङ सामाग्री तथा मर्मत सम्बन्धि,(३) कम्प्युटर, ल्याप्टप, प्रिन्टर, फोटोकफी मेसिन फ्याक्स यु.पि.एस. टोनर, रिफिल आपूर्ति तथा मर्मत,(४) ईलेक्टिकल्स तथा इलेक्टोनिक्स सामानहरुको आपूर्ति, मर्मत र तिनका पाठपूर्जाहरु सम्बन्धि, (५) सवारी साधनहरु (मोटरसाईकल तथा गाडी) को मर्मत तथा तिनका पाटपुर्जाहरु, (६) परामर्श तथा अन्य सेवाहरु, (७) छपाई तथा डिजाईन सेवा सम्बन्धि कार्यहरु, (८) स्टेशनरी सामाग्रीहरु (मसलन्ध तथा विविध),(९) सरसफाई सम्बन्धि सामाग्रीहरु,(१०) इन्टनेट सेवा प्रदायक,(११) विज्ञापन एजेन्सी,(१२) भाडा वर्तन आपुर्ति सम्बन्धि,(१३) औषधी तथा औषधीजन्य पदार्थ,(१४) क्लिनिकल सामानहरु,(१५) सर्जिकल सामानहरु सम्बन्धित,(१६) खाद्यान्न तथा लत्ता कपडा सम्बन्धि,(१७) खाजा, नास्ता तथा खाना सम्बन्धि,(१८) ल्यावोरेटरी, रेडियोलोजी फिजियोथेरापी उपकरण सम्बन्धि,(१९) सूचना प्रविधि सामाग्री तथा मर्मत सम्बन्धि,(२०) वार्षिक मर्मत सम्भार सेवा (कम्प्युटर, ल्याप्टप, प्रिन्टर, फोटोकफी मेसिन फ्याक्स यु.पि.एस.टोनर, रिफिल आपूर्ति तथा मर्मत,

**पेश गर्नु पर्ने कागजातहरु**

(१) फर्म कम्पनी दर्ताको प्रमाण पत्रको प्रतिलिपी ।,(२) ख्ब्त्एब्ल मा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी ।,(३) आधिकारीक डिलर वा वितर क भए सो पुष्टि गर्ने प्रमाण पत्रको प्रतिलिपी ।,(४) वार्षिक रुपमा कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपी वा कर विवरण दाखिला गरेको प्रतिलिपी ।

**नोट :** माथी उल्लेखित सामान तथा सेवाहरुको लागि प्राप्त आवेदन आंशिक वा पूर्ण रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।

.................................
(छक्क वहादुर शाही )
प्रमुख प्रशासकिय अधिकृत


## स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.साबुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित व्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

खाँडाचक्र नगरपालिकाको कार्यालय
कालिकोट

## पलाँताको सन्देश

स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔँ। धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔँ। खेती योग्य बाँझा जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिक हकलाई कार्यान्वयन गरौं, गराऔँ।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट

## स्थानीय सरकारको.........

करिब तीन करोड रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य लिइएको छ । गाउँ तथा नगरपालिकाको आन्तरिक राजस्व संकलन निकै न्यून मात्रामा हुने र संघीय तथा प्रदेश सरकारबाट प्राप्त सीमित बजेटले पूर्वाधार विकासदेखि सामाजिक सुधार कार्यमा बजेट विनियोजन गरेर सबै नागरिकको चित्त बुझाउने तथा समृद्ध गाउँ तथा नगर बनाउने कुरा निकै चुनौतीपूर्ण रहेको नलगाड नगरपालिकाका प्रमुख टेकबहादुर रावलले बताए ।

## मौसमी बिरामीको........

जिल्लाका अधिकांश स्थानमा पानीको अभाव हुँदा र सरसफाइमा ध्यान नदिँदा बिरामीको संख्या बढ्दै गएको डा. शाहीको भनाइ छ। ८ महिनाअघि एक सुत्केरी महिलाको अपरेसनका क्रममा अत्यधिक रक्तस्राव भएका कारण मृत्यु हुँदा जिल्ला अस्पताल कालिकोटमा उपचार गर्ने बिरामीको संख्यामा निकै कमी आएको थियो । अहिले निकसाइमनबाट एमजीपी डाक्टर विज्ञान प्रजापति आएर विभिन्न खालका अपरेसन सेवासमेत सुचारु भएका छन्


# पचालझरना गाउँपालिका

PACHALAJHARANA RURAL MUNICIPALITY

## गाउँ कार्यपालिकाको कार्यालय

Office of the Rural Municipal Executive

रास्नाकोट, कालिकोट

Ramnakot, kalikot

कर्णाली प्रदेश, नेपाल

प्रकाशित मिति २०७५/०४/१७

**विषय : कर्मचारी आवश्यकता सम्बन्धी सुचना ।**

स्थानीय शासन तथा सामुदायीक विकास कार्यक्रम अन्तरगत यस कार्यालयमा एक जना सूचना प्रविधि अधिकृत (IT Officer)को आवश्यताभएकोले योग्यतापुगेका नेपाली नागरिकाबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यलयमा दरखास्त आवाहान गरिन्छ ।

**तपशिल**

पद : सुचना प्रविधि अधिकृत (IT Officer)

शैक्षिक योग्यता : लोक सेवा आयोगले लिने कम्प्युटर अधिकृत पदको न्यूनतम योग्यता वा मान्यता प्राप्त विश्व विद्यायलयबाट कम्प्युटर विषय लिइ स्नातक गरेको उपाधिलाई आधार मानिने छ ।

**कार्यशर्त विवरण :** स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको वेबसाइट (www.lgcdp.gov.np) को गृहपृष्ठमा उल्लेख भएको सुचना बमोजिम

आवश्यक संख्या : १ जना

आवश्यक कागजात : व्यक्तिगत विवरण, नागरिकता प्रमाण पत्र र शैक्षिक योग्यताका पमाण पत्रहरु

**उमेर :** १८ वर्ष पुरा भई ४० वर्ष

**आवेदन शुल्क :** रु १०००। (अक्षेरुपी एक हजार मात्र) उक्त शुल्क रा.बा.बैंक कालिकोटमा र हेको हि.नं. ४१२०३०४०१८१०५ ग.४मा जम्मा गर्नुपर्ने छ ।

**सम्पर्क नं.-**९७५८९००१५५/९८४८००५००९

**Website** :www.pachaljharana.gov.np

Email: Ito.pachaljharanamun@gmail.com/ pachaljharanagaupalika@gmail.com

नोट : स्थानीय र अनुभवी आवेदकलाई विशेष गह्रायता दिइने छ । शाथै म्याद नाघि प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन ।

**(छक्क वहादुर शाही )**

**प्रमुख प्रशासकिय अधिकृत**


## रास्कोटमा मोटरसाइकल........................................................

**मोटरसाइकल जुवाइलाई कोसेली**

यातायात कार्यालयलले सवै मोटरसाइकल को स्थायी नम्वर नगरपालिकालाई उपलव्ध गराए पनि अझै रातो प्लेडमा संचालन गर्ने गरेका छन् । स्थायी नम्वर हुँदाहुँदै अस्थायी नम्वर मात्र प्रयोग गर्ने गरिएको पाइएको छ । जिल्ला ट्राफिक कार्यालयले रास्कोट नगरपालिका वडा नम्वर ३ को मोटरसाइकल नियन्त्रणमा लिएको छ । वडाध्यक्ष देउसिगे कुमालका छोरा र जुवाइले सदरमुकाम मान्ममा ल्याएर दुर्घटना गराएपछि ट्राफिकले नियन्त्रणमा लिएको छ । मोटरसाइकल काम नलाग्ने गरी थोत्रो बनाएको छ । जिल्ला ट्राफिक कार्यालयका इन्चार्ज नन्द जैसीका अनुसार, जिल्लामा अधिकांस स्थानीय तहले लाइसेन्स नलिएर मोटरसाइकल संचालन गर्ने गरिएका छन् । स्थायी नम्वर लामो समयसम्म प्रयोग गरेर ट्राफिकलाई छल्ने काम भएको जैसीले सुनाए ।

**मोटरसाइकल पाल्नै हम्मे-हम्मे**

नगरपालिकामा सवैजसो मोटरसाइकल दुरुपयोग हुने गरेका छन् । कतिपय वडाध्यक्षलाई मोटरसाइकल किन्ने इच्छा नभए पनि नगर प्रमुख कासीचन्द्र बरालले सबैलाई नगरको लाखौं रुपैयाँ खर्चेर खरिद गरेका छन् । रास्कोटमा सडकको पुहँच पुगेकाले मोटरसाइकल खरिद गरिएको नगर प्रमख कासीचन्द्र बरालले बताए । कतिपय वडाध्यक्षले मोटरसाइकलको सट्टा अन्य सुविधा लिने इच्छा हुँदाहुँदै पनि नगर प्रमुख खरिद गरेर बाध्यताले भिडाएको एक वडाध्यक्षले बताए । नगर प्रमुखको लापरवाहीले गर्दा मोटरसाइकल पाल्नै गाह्रो भएको एक कर्मचारीले सुनाए । नगर प्रमुखको लागि ४० लाखको हाइलक्स गाडी प्रयोगमा छ । मोटरसाइकल प्रयोगभन्दा पनि चारपांग्रे मात्र प्रयोग गर्ने गरेको नगर प्रमुख बरालले बताए । नगरपालिकाले महिनामा एउटा मोटर साइकललाई १५ लिटरका दरले दिने गरेको नगरपालिकाले बताएको छ । तर, न्युनतम १५ लिटर भनिएता पनि कसैले त महिनामा ४० लिटर पनि पुगाउने गरेको एक कर्मचारीले बताए । १६ वटा मोटरसाईकलमा न्युनतम महिनामा ३२ हजार पेट्रोल खर्च हुने गरेको छ ।

**वडाध्यक्ष संज्यालको तमाशा**

दुइ जनाभन्दा धेरै यात्रु नवोक्ने नियम हुदाहुँदा रास्कोट नगरपालिका वडा नम्वर १ का वडाध्यक्ष नवराज संज्यालले आफुसहित चार जना सवारी वोकेर मोटरसाइकल गुडाउदै गरेको प्रमाण भेटिएको छ। संज्यालले हेल्मेड नलगाएर आफ्नो पछाडी दुइ ठुला मान्छे एक वालक वोकेर मोटरसाइकलमा कुदीरहेका छन् । उनि घरबाट नगरपालिकाको कार्यालयतिर आइरहेका छन् । ट्राफिक नियमभन्दा पनि आफु नै असुरक्षित हुने गरी जनप्रतिनिधिले मोटरसाइकल चलाउने गरेका छन् । अरुलाइ ज्ञान दिने भनिएका यस्ता जनप्रतिनिधिले नियम र कानुनलाइ ठाडा लात हानेका छन् ।


मिसन न्यूज

राष्ट्रिय साप्ताहिक

MISSION News National Weekly

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित

सम्पादक:पवित्र शाही

प्रवन्ध सम्पादक:निर्मला शाही

कम्प्युटर अप्रेटर:लिलाराज संज्याल

कार्यालय: खाँडाचक्र न.पा.-१ कालिकोट

इमेल: missionnewsp@gmail.com

फोन नं. ०८७-४४०२४२,९८४८०४९४५५,९८६८३१५३५३

मुद्रण: ईश्वर अफ्सेट प्रेस खाँडाचक्र-१, कालिकोट

www.missionenews.com



रहनुहोस बेखवर गाउँदेखि सहर । हेर्नुहोस मिसन न्युज, हुनुहुनेछ रहर

MISSION

www.missionenews.com

मिसन न्यूज राष्ट्रिय साप्ताहिक